# २०८२ साल भाद्र १५ गते आइतबार कार्यपालिकाको बैठकको निर्णय

फिक्कल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खाङ्साङ् सिन्धुली

बैठक सख्या आ.ब. २०८२/ ०८३ – ०२
मिति :- २०८२ /०५/१५ गते आइतबार

फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवार ज्यूको अध्यक्षता र तपिसल बमोजिमको उपस्थितिमा तपिसल बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय गरियो।

| क्र स | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | पार्वती सुनुवार | [signature] |
| २ | उपाध्यक्ष | राजु बराल | |
| ३ | १ नं वडा अध्यक्ष | होम बहादुर सुनुवार | |
| ४ | २ नं वडा अध्यक्ष | शकर वहादुर भण्डारी | [signature] |
| ५ | ३ नं वडा अध्यक्ष | टेक वहादुर रजन मगर | [signature] |
| ६ | ४ नं वडा अध्यक्ष | मोहन मगर | |
| ७ | ५ नं व्रडा अध्यक्ष | बैकुण्ठलाल पहाडी | [signature] |
| ८ | ६ नं वडा अध्यक्ष | कुलेन्दं वहादुर मगर | |
| ९ | कार्यपालिका सदस्य | लिल वहादुर सुनुवार | |
| १० | कार्यपालिका सदस्य | पूर्णमाया मगर | [signature] |
| ११ | कार्यपालिका सदस्य | टिकामाया विश्वकर्मा | |
| १२ | कार्यपालिका सदस्य | तारा विश्वकर्मा | [signature] |
| १३ | कार्यपालिका सदस्य | सावित्रा कुमारी थापा मगर | [signature] |
| १४ | कार्यपालिका सदस्य | मगलादेवी तामाङ्ग | |
| १५ | प्रमुख प्रशाकीय अधिकृन | डम्वरवहादुर रजन मगर | [signature] |

Scanned with CamScanner

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा
(२) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा
(३) नदिजन्य निर्माणमुखी सामाग्रीको उत्खनन तथा निकासीको ठेक्का आह्वान सम्बन्धमाः
(४) सरुवा सहमती सम्बन्धमा
(५) सुरक्षित गर्भपतन सेवा सुचीकृत सम्बन्धमाः
(६) करार सेवामा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमाः
(७) करार सेवामा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमाः
(८) आर्थिक सहायता सम्बन्धमाः
(९) संविधान दिवस २०८२ मनाउने सम्बन्धमा
(१०)राष्ट्रिय जलवायु सम्मेलनमा सुझाव प्रदान सम्बन्धमा

निर्णय नं. १. गत बैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमा
गत बैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयबाट भएका सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी दिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमाः

आ.व. ०८२/०८३ र आ.व. ०८३/०८४ अवधिको लागि फिक्कल गाउँपालिकाको क्षेत्र भित्र रहेका सुनकोशी नदि किनार तथा नदिमा मिसिन आउने खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा निकासी गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्न नेपाल आर्किटेक्टस् कन्सल्ट प्रा.लि. कास्कीले तयार गरेको प्रतिवेदन प्राविधिक समितिबाट सिफारिस भई आएकोले तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. नदिजन्य निर्माणमुखी सामाग्रीको उत्खनन तथा निकासीको ठेक्का आह्वान सम्बन्धमाः

चालु आ.व. ०८२/०८३ को लागि फिक्कल गाउँपालिकाको क्षेत्रभित्रको सुनकोशी नदि तथा अन्य खोलाहरुबाट नदिजन्य निर्माणमुखी सामाग्रीको उत्खनन तथा निकासीको लागि IEE प्रतिवेदन अनुसार जम्मा १२३३१३१.७८ घन फिटको जम्मा मूल्य रु.

८६३१९२२.४९।– रहेकोमा IEE प्रतिवेदन आजको मितिमा स्वीकृत भएकोले ठेक्का आह्वान र सम्झौता गर्न सम्म लाग्ने अवधि कम्तिमा २ महिना लाग्ने भएको हुँदा सो अवधि घटाई बाँकी अवधिको लागि जंम्मा परिमाण २७४०२९.२८ घन फिट को रु. १९१८२०४.९९।– घटाई बाँकी रहेको परिमाण ९५९१०२.४९ घन फिट को रु. ६७१३७१७.४९।- अंक बराबरको बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४. सरुवा सहमती सम्बन्धमाः**

फिक्कल गाउँपालिका वडा नं. ६ स्थित श्री आधारभूत विद्यालय तीनखण्डे राईगाउँको राहत दरबन्दीमा कार्यरत प्रा.शि. माधव काफ्ले गोलन्जोर गाउँपालिकाको श्री आधारभूत विद्यालय हिरदिङ धुराडाँडामा समान तह र पदमा सरुवा भई जानको लागि सम्बन्धित दुवै विद्यालयको सहमती तथा गोलोन्जोर गाउँपालिकाको समेत सहमती भई आएकोले उल्लिखित यस गाउँपालिकाको श्री आधारभूत विद्यालय तीनखण्डे राईगाउँको राहत दरबन्दी विद्यालयमै रहने गरी सरुवा भई जानको लागि सहमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५. वैकल्पिक उम्मेदवार सिफारिस संम्बन्धमाः**

तपसिल बमोजिम रिक्त शिक्षक पदमा गाउँपालिकाको पदपूर्ति समितिले मिति २०८२/५/५ गते लिएको परीक्षामा वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई नियुक्तिको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | उम्मेदवारको नाम | विद्यालय |
|---|---|---|
| १ | देवीमाया आले, फिक्कल २ | श्री माध्यामिक विद्यालय काउले, फिक्कल १ |
| २ | तिला कुमारी मगर, फिक्कल ३ | श्री आधारभूत विद्यालय तीनखण्डे राईवगाउँ फिक्कल ६ |

**निर्णय नं. ६. सुरक्षित गर्भपतन सेवा सुचीकृत सम्बन्धमाः**

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७ को नियम १४ को उपनियम १ बमोजिम सुरक्षित गर्भपतन सम्बन्धमा औषधिद्वारा नौ हप्तासम्मको सुरक्षित गर्भपतन गराउन रत्नावती स्वास्थ्य चौकी र तालिम प्राप्त सि.अ.न.मी. सुमन्ता घिसिङलाई सूचीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ७. करार सेवामा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा:**

तपसिल बमोजिमको सेवा, समूह, तह र पदमा आवश्यक भएकोले तत्काल कामकाजमा लगाउन नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र.सं. | सेवा/समूह | तह/पद | नाम |
|---|---|---|---|
| १ | ईन्जिनियरिङ्ग/सर्वे | अमिन, सहायक चौथो | विनोद बराल, फिक्कल गाउँपालिका ५ |
| २ | भेटेरेनरी | ना.प.से. प्रा., सहायक चौथो | बोधराज वि.क. फिक्कल १ |

**निर्णय नं. ८. आर्थिक सहायता सम्बन्धमा:**

तपसिल बमोजिम आर्थिक सहायता गर्ने:

| क्र.सं. | विरामी/पीडितको नाम | सहायता रकम | कारण |
|---|---|---|---|
| १ | प्रेम कुमार तिमल्सिना फिक्कल ४ | १०००० | लडेर घाईते |
| २ | टेक बहादुर कार्की फिक्कल ६ | १०००० | सुगर प्रेसर |
| ३ | दुर्गा बहादुर दमाई फिक्कल ४ | १०००० | प्रकोप बाढी पीडित |
| ४ | छत्र बहादुर श्रेष्ठ फिक्कल ४ | १०००० | मुटु रोग |
| ५ | बिर बहादुर लामिछाने फिक्कल ३ | २०००० | मृगौला सम्बन्धी |
| ६ | जित बहादुर दमाई फिक्कल २ | २०००० | मुटु सम्बन्धी |
| ७ | खेमराज पहाडी फिक्कल ३ | २०००० | आन्द्रा सम्बन्धी |
| ८ | गिता रम्तेल फिक्कल २ | १५००० | हात भाँचिएको |
| ९ | कृष्ण बहादुर क्षेत्री फिक्कल २ | १०००० | दीर्घ रोगी |

**निर्णय नं. ९. संविधान दिवस सम्बन्धमा:**

संविधान दिवस २०८२ को अवसरमा तपसिल बमोजिम कार्यक्रम संचालन गरी भव्यताका साथ मनाउने निर्णय गरियो ।

तपसिल:

- सबै सरकारी कार्यालय, विद्यालय, संघ संस्था र नागरिकको घरदैलोमा मिति २०८२ साल २ र ३ गते दीप प्रज्वलन गर्ने ।
- सबै कार्यालयहरुमा नयाँ झण्डा राख्ने ।
- कार्यालय परिसर सरसफाई गर्ने ।
- ३ गते सबै वडा तथा गाउँपालिकामा प्रभातफेरी गर्ने ।

Scanned with CamScanner

- सबै विद्यालयहरुमा संविधान दिवस सम्बन्धी वक्तृत्वकला कार्यक्रम सहित विभिन्न रचनात्मक कार्यक्रम संचालन गर्ने।

**निर्णय नं. १०. राष्ट्रिय जलवायु सम्मेलनमा सुझाव प्रदान सम्बन्धमा:**

घरपझोङ गाउँपालिका मुस्ताङद्वारा मिति २०८२ साल भदौ ३१ गते आयोजना भएको राष्ट्रिय जलवायु सम्मेलनको अवसरमा साझा घोषणा पत्रमा उल्लेख गर्नुपर्ने तपसिल वमोजिम बुँदाहरु समावेशको लागि सुझाव प्रदान गर्ने निर्णय गरियो ।

- जलवायु परिवर्तनको कारण वढिरहेका हिमताल विष्फोट, अति वृष्टि, हुरीबतास आदि जलवायु जन्य प्रकोप व्यवस्थापनको लागि निःशर्त अन्तराष्ट्रिय अनुदान सहयोगको लागि नेपाल सरकारसँग अनुरोध गर्ने ।
- कार्बन व्यापार तथा अन्य सम्वन्धित संयन्त्रबाट नेपाललाई प्राप्त हुने आम्दानीको कम्तिमा ७० प्रतिशत रकम स्थानीय तहलाई दिनुपर्ने ।
- अनुकरणीय सम्मेलन सफलताको शुभकामना प्रदान गर्ने।

**निर्णय न ११.पहिलो महिलाले मदतान अधिकारको प्रयोगको सम्झना सम्बन्धमा:**

नेपालको इतिहासमा महिलाको मतदान सम्बन्धी अधिकार प्रयोग भई मिति २०१० साल भदौ १७ गते काठमाण्डौ नगरपालिकाको ८ नं वडा अध्यक्षमा समेत निर्वाचित प्रथम महिला जनप्रतिनिधि साधना प्रधान निर्वाचित हुनुभएको दिनलाई स्मरण गर्दै प्रेस वक्तव्य जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२. डाँडागाउँ खेलमैदानको ल.ई. स्वीकृत गरी स्रोत सुनिश्चित गर्ने सम्बन्धमा:**

चालु आ.व. ०८२/०८३ मा विनियोजित डाँडागाउँ खेलमैदान फिक्कल ५ शीर्षकमा रु. ५ लाख बजेट विनियोजित भएकोमा उक्त स्थानमा खेलमैदान निर्माणको लागि पूर्वाधार शाखावाट स्थलगत सर्वे गरी डिपिआर अनुसार निर्माण गर्न सोही स्थानमा रहेको अग्लो डाँडा कटान गर्नुपर्ने भएकोले रु. २३७५२९१.९२।- बराबरको ल.ई. प्रस्ताव भई आएकोले उक्त ल.ई. स्वीकृत गरी अपुग हुन आउने रु. १८ लाख २० हजार बजेट समपुरक कोषबाट भुक्तानी हुने गरी स्रोत सुनिश्चित सहित कार्यान्वयन अगाडि वढाउने निर्णय गरियो ।